नीति समन्वय समिति

बैठक नं. ८

२०७३।०२।२०

## बैठकको एजेण्डा : आ. व. २०७३।७४ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन

| बजट बुँदा नं | बजेट नीति तथा कार्यक्रमको विवरण (एजेण्डा) | निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| ७६ | सबै सडकहरुलाई संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहमा वर्गीकरण गरिनेछ । सडकहरुको राइट अफ वे तय गरिनेछ । सडक क्षेत्रमा हुने अतिक्रमण रोकिनेछ। | • स्थानीय सडकको परिभाषा गर्न, मापदण्ड तयार गर्न, DTMP/MTMP आदिको परिमार्जनका आधार तयार गर्न र स्थानीय सडकहरुको पुर्नवर्गीकरण गर्न मन्त्रालयका पूर्वाधार विकास महाशाखा प्रमुखको संयोजकत्वमा देहाय अनुसारको समिति गठन गर्ने ।<br>• DOLIDAR का प्रतिनिधि सदस्य<br>• स्थानीय विकास अधिकारी, ललितपुर सदस्य<br>• प्राविधिक महाशाखा प्रमुख, काठमाण्डौ मनपा सदस्य | • पूर्वाधार विकास महाशाखा | | अषाढ १५, २०७३ सम्ममा प्रतिवेदन पेश गरी सक्ने । |
| ९३ | विराटनगरदेखि इटहरी र आसपासको क्षेत्र, सिद्धार्थनगरदेखि बुटवल र आसपासको क्षेत्र, पोखरादेखि लेखनाथ र आसपासको क्षेत्रलाई समेटेर तीन वटा महानगर निमार्ण गर्न विस्तृत अध्ययन र गुरुयोजना निर्माण गरी कायार्न्वयनमा लगिनेछ । | • गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित क्षेत्रको संख्या र सीमाना निर्धारण गर्नका लागि गठित आयोगसँग समन्वय गर्ने ।<br>• मन्त्रालयले गर्नु पर्ने क्षेत्र पहिचान गरी मन्त्रलायका लागि कार्यान्वयन कार्ययोजना तयार गर्ने । | • नगरपालिका तथा वातावरण व्यवस्थापन महाशाखा | • संघीय मामिला महाशाखा<br>• पूर्वाधार विकास महाशाखा | • आषाढ १५, २०७३ |
| ९५ | अबदेखि भवन संहिता मापदण्ड अनुसार निर्माण नगिरएका भवनहरुमा खानेपानी, ढल, विद्युत, टेलिफोनका सेवाहरु उपलब्ध नहुने व्यवस्था गरिनेछ। | • मापदण्ड पुरा नगर्ने घरमा यस्ता कार्यका लागि सिफरिश नदिने प्रणाली विकास गर्ने । | • नगरपालिका तथा वातावरण व्यवस्थापन महाशाखा | पूर्वाधार विकास महाशाखा, | • २०७४ आषाढ मसान्त |

| बजट बुँदा नं | बजेट नीति तथा कार्यक्रमको विवरण (एजेण्डा) | निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| २८७ | गुणस्तरीय आर्थिक सामाजिक तथा स्थानीय पूर्वाधार विकास गरी स्थानीय सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।<br><br>संख्या र सीमांकन एकीन गरी स्थानीय निकायको पुनर्संरचना गरिनेछ ।<br><br>प्रदेश सरकार स्थापनाको लागि पूर्व तयारी कार्यहरु गरिनेछ । | • गुणस्तरीय सेवा प्रवाहका लागि प्राविधिक एवं प्रकृयागत मापदण्डहरुको विकास/परिमार्जन, संरचनागत सुधार एवं जनशक्तिको आवश्यकता जस्ता विषयहरु समेटेर देहायको समितिले सुझाव पेश गर्ने ।<br>• प्रमुख, स्वायत्त शासन महाशाखा संयोजक<br>• प्रमुख, नगरपालिका व्यवस्था शाखा सदस्य<br>• प्रमुख, पूर्वाधार विकास शाखा सदस्य<br>• प्रमुख, प्रशासन शाखा सदस्य<br>• प्रमुख, ग्रमिण विकास शाखा सदस्य-सचिव<br><br>• गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित क्षेत्रको संख्या र सीमाना निर्धारण गर्नका लागि गठित आयोगसँग समन्वय गर्ने । | स्वायत शासन महाशाखा<br><br>सङ्घीय मामिला महाशाखा | सामान्य प्रशासन महाशाखा | असार १५, २०७३ |
| २८८ | आफ्नो गाउँ आफैं बनाऔं कार्यक्रमलाई अझ सदृढ र प्रभावकारी तुल्याउन गाउँ विकास समितिलाई दिइने अनुदान दोब्बर बनाएको छु । यसका लागि रु.१५ अर्ब ५५ करोड विनियोजन गरेको छु । | • अनुदान रकम बढेको सन्दर्भमा वितीय जोखिम कम गर्न, सफ्टवेअर कार्यक्रममा बढ्न सक्ने खर्च नियन्त्रण गरी पूर्वाधारमा लगानी केन्द्रित गर्न, कामको गुणस्तरमा सुधार गर्न जस्ता विषयलाई समेत मध्यनजर राख्दै देहायको समितिले अध्ययन गरी स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ संशोधन प्रस्ताव तयार गर्ने ।<br>• प्रमुख, स्वायत शासन महाशाखा संयोजक<br>• प्रमुख, नगरपालिका व्यवस्था शाखा सदस्य<br>• प्रमुख, योजना शाखा सदस्य<br>• प्रमुख, आर्थिक प्रशासन शाखा सदस्य<br>• प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा सदस्य | स्वायत शासन महाशाखा | प्रशासन महाशाखा | २ हप्ता भित्र |